# **थाक्रे गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधी-२०७४**

थाक्रे गाँउ कार्यपालिकाबाट स्वीकृत मिति २०७४/१०/०३
प्रमाणित मिति : २०७४/१०/०५

**प्रस्तावना :**

**नेपालको संविधानको अनुसुचि ८ ( धारा ५७ को उपधारा ४ धारा २१४ को उपधारा ७२, धारा २२१ को उपधारा १ संग सम्बन्धीत व्यवस्था भए बमोजिम स्थानीयतहको अधिकारको सुचि अनुसार तथा स्थानिय शासन संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को (त्र) मा उल्लेख भएको गाउँपालिकाको काम, कर्त्तव्य र अधिकारमा स्थानिय तहलाई जिम्मेवारी तोकिएकोले यसैलाई प्रयोग गरी थाक्रे गाउँपालिका आर्थिक ऐन २०७४ कार्यान्वयनका लागि यो व्यवसाय दर्ता कार्यविधी थाक्रे गाउँ कार्यपालिकावाट जारी गरिएको छ ।**

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस कानुनको नाम " थाक्रे गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि कानुन २०७४" रहने छ । (२) यो कार्यविधी २०७४ चैत्र ७ गते देखी लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) इटा भट्टा, कसर, ढुङ्गाखानी, ग्यास जस्ता ठूला उद्योगहरु र कुटानी पिसानी मिल, होटल व्यवसाय, होलसेल तथा किराना पसल, हार्डवयर, कस्मेटिक इलेट्रोनिक, तरकारी तथा फलफुल, मासु, दुधडेरी तथा परामर्श सेवा आदि व्यवसायहरु लगायत व्यवसायिक/पेशागत रुपमा संचालित कार्य सम्झनु पर्दछ ।

ख) आर्थिक वर्ष : हरेक वर्षको श्रावण १ गते देखी अर्को वर्षको आषढ मसान्त सम्मको १२ महिनाको समयावधी लाई मान्नु पर्दछ ।

ग) आर्थिक ऐन २०७४- नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम थाक्रे गाउँ सभाले वनाएको ऐन ।

घ) संचालन गर्ने निकाय : थाक्रे गाउँपालिका र वडा कार्यालयहरु

ङ) नविकरण : हरेक आर्थिक वर्ष समाप्त भएपछि ।

## परिच्छेद-२

## ३ उद्देश्यः-

३.१ छरिएर रहेका उद्योग व्यवसाय एवं पेशा व्यवसायीको खोजि गरी व्यवस्थित अभिलेख गर्ने ।

३.२ आन्तरिक आयलाई दिगो एवं भरपर्दो बनाउन ।

३.३ उद्योग व्यवसाय क्षेत्रलाई सुरक्षित एवं मर्यादित राख्ने ।

३.४ औद्योगिक एवं व्यवसायिक वातावरण श्रृजना गर्ने ।

३.५ श्रोत साधनको समूचित संकलन र प्रयोगमा जोड दिने ।

३.६ उद्योग व्यवसायको माध्यमबाट ग्रामिण क्षेत्रमा स्वरोजगारी तथा रोजगारीका अवसरहरु

सृजना भइ आय र क्रय शक्ति वृद्धि गर्दै गरिवी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

## परिच्छेद-३

### ४.अपेक्षित प्रतिफलः-

१) छरिएर रहेका पेशा, व्यवसाय, उद्योग धन्दा, कलकारखाना आदिको तथ्याङ्क अद्यावधिक हुनेछ ।
२) सम्बन्धीत पेशा व्यवसायीहरुलाई आफूले राज्यलाई कर तिरेको प्रत्याभुति हुनेछ ।
३) आन्तरिक आयलाइ दिगो र भरपर्दो बनाइ विकास निर्माण कार्यमा प्रयोग भइ विकासको प्रतिफल मिल्नेछ ।
४) पेशा व्यवसाय सम्बन्धी तालिम प्राप्त भइ व्यवसाय संचालनमा सहज हुनेछ
५) पेशागत एवं व्यवसायिक कारणले हुने जोखिमलाइ न्यूनिकरण गर्न सकिने छ
६) स्रोत साधनको समूचित प्रयोग द्धारा पूर्वाधार विकास एवं गरिवी निवारणमा मद्दत पुग्नेछ ।

## परिच्छेद-४

## ५ कार्यक्रम संचालन प्रक्रियाः

### ५.१.) सचेतना कार्यक्रमः-

५.१.१) सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

५.१.२) कार्यक्रमहरु संचालन गर्न गाउँपालिका बाट निर्णय गराउने ।

५.१.३ ) पर्चा पम्पलेट तयार गरी वितरण गर्ने ।

५.१.४) कार्यक्रममा सहभागि हुनेहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

५.१.५) स्थानिय एफ.एम रेडियो र पत्रपत्रिका मार्फत सुचना प्रशारित गर्ने ।

५.१.६) विभिन्न बैठक, सभा समारोहहरुमा सो कार्यक्रमको बारेमा जानकारी गराउने ।

५.१.७) यस क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु संग समन्वय गरी कार्यक्रम लाइ व्यवस्थित एवं भरपर्दो रुपमा अगाडि बढाउन सहकार्य गर्ने ।

५.१.८) स्थानिय उद्योग वाणिज्य संघ एवं चेम्वर अफ कर्मश का प्रतिनिधी एवं मूख्य व्यवसायी संग समन्वय र सहकार्य गर्ने ।

५.१.९) अन्य सचेतना मुलक कार्य गर्ने ।

**५.२) दर्ता एवं अभिलेख कार्य :**

५.२.१) मा.वि एवं उच्च मा.वि. स्तरको शिक्षा हासिल गरेकालाई परियोजनागत स्वयंसेवकको रुपमा (दुइ दुइ जनाको समुह बनाएर) परिचालन गर्ने ।

५.२.२) सम्बन्धीत पेशा, व्यवसाय, कलकारखाना, उद्योग धन्दा आदि संचालन भएका क्षेत्रमा गइ व्यवसाय दर्ताको लागि अनुरोध गरी त्यसका प्रकृयाका बारेमा जानकारी गराई उनिहरुलाई व्यवसाय दर्ता गर्न अभिप्रेरित गर्ने ।

५.२.३) आवश्यक कागजात एवं प्रक्रिया स्थलगत रुपमै टोलि (स्वयंसेवि समुह) द्धारा संकलन गरी नियमानुसार दर्ता एवं नविकरण शुल्क लिई रसिद प्रदान गर्ने ।

५.२.४) व्यवसाय दर्ता एवं नविकरणको प्रमाणपत्र गा.पा. कार्यालयबाट उपलव्ध गराइने ।

५.२.५) परिचालित स्वयंसेवकलाइ व्यवसाय दर्ता/नविकरण शुल्कबाट उठेको रकम बाट व्यहोर्ने गरी न्यूनतम भत्ता एवं प्रति व्यवसाय दर्ताको प्रगतिको आधारमा प्रोत्साहन रकम उपलव्ध गराउने ।

५.२.६) दर्ता भएका व्यवसायको अभिलेख दुरुस्त गरिने तथा वार्षिक नविकरणको व्यवस्था मिलाइने ।

## परिच्छेद-५

**६. व्यवसाय दर्ता संचालन प्रक्रिया एवं अभियान्ता (स्वयंसेवक) परिचालन**

१) थाके गाउँपालिकाका सबै वडाहरुका टोल बजार एवं बस्ती/बस्तीमा पुगेर व्यवसाय दर्ता
अभियान संञ्चालन गर्न ८ जना (४/४ जना युवा युवती) स्वयंसेवक नियूक्ति गर्ने ।

२) थाक्रे गाउँपालिका क्षेत्र भित्र दर्ता अभियानको लागि २/२ जनाको ४ टोली मध्ये ( ८ जना ) थाक्रे गाउँपालिका वडा नं. १,२ र ३ को लागि १ टोली, वडा नं. ४,५,९ र १० को लागि १ टोली, वडा नं. ७ र ८ को लागि १ टोली वडा नं. ६ र ११ को लागि १ टोली व्यवसाय दर्ता अभियानमा खटाईने ।

३) स्वमसेवक अभियान्ता/स्थानिय उद्योग/ व्यवसाय स्थलमा पुगि दर्ता प्रक्रियाका बारेमा व्यवसायीलाई ष्जानकारी गराई आवश्यक कागजपत्र संकलन गरी तोकिएको दस्तुर लिई रसिद प्रदान गर्ने ।

४) व्यवसाय दर्ता अभियानमा खटिने स्वमसेवकले गाउँपालिकाको परिचय खुल्ने ज्याकेट, टोपी लगाइ जानु पर्ने ।

५) प्रत्येक टोली ले आ-आफ्नो कार्यक्षेत्रभित्र व्यवसाय दर्ता अभियानमा जादा व्यवसाय दर्ता निवेदन, व्यवसाय दर्ता फाईल, दर्ता रजिष्टर आर्थिक ऐन २०७४ साथमा लैजानु पर्ने ।

६) दर्ता गर्ने स्वमसेवक सबै टोल वस्तीमा पूगी व्यवसायको विवरण संकलन गर्नुपर्ने ।

७) व्यवसाय दर्ता कार्यमा संलग्न हुने स्वयंसेवकहरुलाई गाउँपालिकाको परिचय खुल्ने ज्याकेट र टोपि गाउँपालिकाले उपलव्ध गराउने छ र व्यवसाय दर्ताकार्यमा खटिएर हिड्दा सो लगाएर हिड्नु पर्ने ।

८) प्रत्येक टोलिले आफूले संकलन गरेको विवरणको व्यवसाय दर्ता सम्बन्धी अभिलेख कार्यालयले तोके बमोजिम तयार गर्नुपर्ने ।

९) व्यवसाय दर्ता एवं नविकरण गर्न अटेर गर्नेको विवरण संकलन गरी छुट्टै बुझाउने .

## ७. स्वयंसेवक (अभियान्ताको सुविधा )

७.१) व्यवसाय दर्ता अभियानमा लागेको खर्च चालु खर्चको मिल्दो जुल्दो शिर्षकवाट बेहोर्ने गरी देहाए बमोजिम सेवा सुविधा उपलब्ध गराईने

क) खाना खाजा बापत मासिक प्रति व्यक्ति रु ८०००/-

ख) प्रोत्साहन स्वरुप प्रति व्यवसाय दर्ता बापत थप रु ४०/-

ग) सञ्चार खर्च बापत मासिक रु ५००/- को रिचार्ज सेवा

घ) व्यवसाय दर्ताको लागी आवश्यक ज्याकेट टोपी ब्याग तथा स्टेशनरी सामाग्री कार्यलयबाट उपलब्ध गराउने

## परिच्छेद-६

## ८. व्यवसाय दर्ता नविकरण छुट एवं जरिवाना सम्बन्धी ब्याख्या :

१) व्यवसाय दर्ता नविकरण छुट एवं जरिवाना सम्बन्धी आर्थिक ऐन २०७४ अनुसार गर्ने २०७४ चैत्र ८ गते देखि २ महिना सम्म व्यवसाय दर्ता महिनाको रुपमा मनाउने उक्त अवधि भित्र व्यवसाय दर्ता गर्ने व्यवसायीलाई दर्ता/नविकरण शुल्कमा २० प्रतिशत छुट दिने ।

२) चालु आ.व को बाँकी अवधि भित्र दर्ता नविकरण गर्नेलाई ऐनमा तोकीए बमोजिको रकम लाग्ने ।

३) साविकका गा.वि.स का कार्यालयहरुमा विगतका वर्षहरुमा नविरण एवं शुल्क बुझाउन बाकि ब्यवसायिहरुलाई आ.व. ०७४/०७५ सम्मको बक्यौता रकम र चालु आ.व. २०७४/०७५ को आर्थिक ऐन मा तोकिए बमोजिमको शुल्क दस्तुर जोडी रकम लिने । यो अवधि भित्र गत आ.व.को बक्यौता नतिर्ने व्यवसायी लाई बक्यौतामा समेत माथि उल्लेखित भए बमोजिम जरिवाना थप गरि असुल उपर गर्ने ।

४) विगत देखि घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभाग वा कम्पनी रजिष्टारको कार्यालय लगाएतका कार्यालयमा दर्ता भई विधिवत रुपमा PAN/VAT मा समेत दर्ता गरी संचालनमा रहेका तर साविक गा.वि.स मा हाल सम्म स्थानिय तहमा दर्ता प्रक्रियामा नआएका फर्म वा व्यवसायलाई यहि दर्ता अभियानमा चालु वर्षको दस्तुर लिई दर्ता गर्न अवसर प्रदान गर्ने तर यो अभियान भित्र दर्ता नहुने पसल ब्यवसायलाई सो ब्यवसायमा उल्लेखित निकाएमा दर्ता भएको मिति देखि नै संचालनमा रहेको मानी गत वर्षहरुको बक्यौता निधारर्ण गरी समेत माथि उल्लेखित भए अनुसार थप जरिवाना समेत असुल गरिने ।

५) जरिवाना सम्बन्धमा - प्रत्येक १ वर्ष छुट भएमा १०% र २ वर्ष वा सो भन्दा बढी अवधिभए प्रतिवर्ष लाग्ने शुल्कमा २५% थप गरी जरिवाना लाग्ने ।

## परिच्छेद ७

### ९. विविध

१) दर्ता अभियान अवधि २०७४ चैत्र ८ गते देखी २०७५ जेष्ठ ७ सम्म २ महिनाको हुने ।
२) नियमित दर्ता एवं नविकरण अवधि- नियम अनुसार हुने ।
३) दर्ता प्रक्रियामा आएका व्यवसायिको अभिलेख व्यवस्थापन सम्बन्धि अन्य कार्य गर्न आवश्यक भएमा अभियान्ता मध्ये केहीलाई दैनिक ज्यालादारीको रुपमा समय सिमा निर्धारण गरी अभिलेख व्यवस्थापन एवं आवश्यक कार्य गर्ने काममा लगाउन सकिने
४) सरकारी एवं गैरसरकारी कार्यालय संस्थागत कार्यालय भाडामा बसे वापत घर धनिको संझौता अनुसार प्रचलित ऐन नियम अनुसार भाडा करको लागि सबै निकायलाई पत्रचार गर्ने
५) वहाल कर को लागि सार्वजनिक आह्वान थाक्रे गाउँपालिकाको आर्थिक एन २०७४ अनुसार एवं पत्रचार गरी कर उठाउने ।

### अनुसुचिहरु


व्यवसाय दर्ता निवेदन १
व्यवसाय दर्ता प्रमाण-पत्र २


**प्रमाणित गर्नेको**

........................

दस्तखत

**नाम थर : रामकुमार आचार्य**
**पद : गाउँपालिका अध्यक्ष**
**प्रमाणित मिति : २०७४/१०/०५**
**पृष्ठ संख्या : ८**

# अनुसुची नं. १
# कार्यविधीको नियम ५ सँग सम्बन्धित

## थाक्रे गाउँपालिकाको कार्यालय
### महादेवबेसी, धादिङ

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,                                        मितिः.................................

थाक्रे गाउँपालिकाको कार्यालय, महादेवबेशी

बिषयः <u>व्यवसाय दर्ता गरिपाउँ ।</u>

१. फर्मको नामः

२. ठेगानाः

३. व्यवसायको प्रकृतिः

४. पूँजीः

५. व्यवसाय संचालन गर्ने स्थानः

६. भाडाः ☐   आफ्नै घरमा ☐

७. भाडा रकम मासिकः वार्षिकः

८. भाडामा भए घरधनीको नाम र ठेगानाः

९. व्यवसायमा संलग्न जनशक्ति/कामदारः

१०. व्यवसायबाट वातावरणमा पर्ने प्रभाव (अरुलाई अर गर्ने/नगर्ने):

११. निस्कने फोहोरको व्यवस्थापन कसरी गर्नेः

१२. संचालन मितिः

१३. व्यवसायीको नाम, थरः

१४. ठेगानाः

निवेदकको दस्तखतः

फोन नं./मो.नं.:

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

| | | |
|---|---|---|
| १. | नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ कपि | १ |
| २. | लालपूर्जाको फोटोकपी | १ |
| ३. | तिरो तिरेको रसिदको फोटोकपी | १ |
| ४. | भाडामा भए भाडा लिनेदिनेको गरेको सम्झौता पत्र | १ |
| ५. | वातावरण प्रदुषण गर्ने खालको व्यवसायहरुको हकमा वडा मुचुल्का र ब्लुप्रिन्ट नक्सा | १/१ |
| ६. | अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपि | १ |
| ७. | पासपोर्ट साइजको फोटो | २ |
| ८. | मुचुल्कामा सनाखत गर्नेहरुको नागरिकताको छायाँकपि | १ |

**शर्तहरुः**

१. समयमै नविकरण गर्नेछु साथै पूँजी थपघट भएमा जानकारी गराउने छु ।
२. गा.पा. को नियम अनुसार व्यवसाय सञ्चालन गर्नेछु ।
३. मेरो पेशा व्यवसायबाट उत्पादन भएका फोहोर आफैंले व्यवस्थापन गर्नेछु ।
४. मेरो पेशा व्यवसाय सञ्चालन स्थानमा अनिवार्य रुपमा शौचालय निर्माण गर्नेछु ।
५. गा.पा. को निति नियमको पूर्ण पालना गर्नेछु ।
६. व्यवसाय संचालन गर्दा वातावरणीय प्रदुषण भएमा व्यवसाय बन्द गर्न मञ्जुर छु ।

**अनुसुची नं २**

**कार्यविधिको नियम ८ सँग सम्बन्धि**



# थाक्रे गाउँपालिका

गाउँपालिकाको कार्यालय
महादेवबेसी, धादिङ
३ नं. प्रदेश, नेपाल

व्यवसायीको फोटो

## व्यवसाय दर्ता प्रमाण-पत्र

व्यवसाय दर्ता नं.:................

दर्ता मितिः..................................

व्यस्सायको नामः....................................................................................

व्यवसाय रहने स्थानः...............................................................................

व्यवसायको किसिमः.................................................................................

प्रोप्राइटर/सञ्चालकको नामः.................................................................... फोन/मोबाईल नं.:.....................................

व्यवसायिको ठेगाना..................................................................................

व्यवसायिको ना.प्र.नं.:...............................जारी मिति.................................जारी जिल्लाः.......................................

पूँजीः.........................................उत्पादत विक्री लक्ष्यः.........................................................................................

विद्युत शक्तिः..............................अन्य विवरणः........................................................................................................

(प्रमाण-पत्र पाउनेको सही) (सिफारिस गर्नेको सही) (प्रमाण-पत्र जारी गर्नेको सही)

*द्रष्टव्यः क) स्थानिय शासन संचालन ऐन २०७४ को दफा ११ बमोजिम*

*ख) यो प्रमाण-पत्र पसल वा कार्यालयमा देखिने गरी राख्नुपर्ने छ।*

*ग) यो प्रमाण-पत्र प्रत्येक वर्षको श्रावणदेखि भाद्र मसान्त सम्मना नवीकरण गरी सक्नु पर्नेछ।*

*घ) अन्य निकायको अनुमति लिनुपर्ने भएमा अनुमति लिएर कारोवार गर्नु पर्नेछ।*

## नविकरण

| सि.नं. | नविकरण | | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |

<u>आज्ञाले</u>
**प्रमुख प्रशासकिय अधिकृत**
**पुर्ण प्रसाद दुलाल**